# Research Management Cell [RMC]
# (अनुसन्धान व्यस्थापन एकाई)
## Aishwarya Multiple Campus
QAA Certified Institution
Dhangadhi, Kailali

पत्र संख्या
चलानी नं. :

मिति : २०८२/१०/२८

सूचना

**विषय : विद्यार्थी शोधवृतिका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा**

यस क्याम्पसको स्वीकृत वार्षिक बजेटका आधारमा क्याम्पस अनुसन्धान समितिको निर्णयअनुसार **अनुसन्धान परियोजना सञ्चालन कार्यविधि, २०८२** को नियम ५ बमोजिम विद्यार्थीहरूलाई शोधपत्र लेखनका लागि आर्थिक सहायता प्रदान गरिने भएकोले इच्छुक तथा योग्य विद्यार्थीहरूबाट **शोध प्रस्ताव (Research Proposal)** माग गरिएको छ।

## १. शोधवृत्तिको विवरण

- स्नातकोत्तर तह (MBS) : प्रति अनुसन्धान रू. **१०,०००/-**
- स्नातक तह (BBS तथा B.Sc.) : प्रति अनुसन्धान रू. **५,०००/-**

## २. विद्यार्थी संख्या

- MBS कार्यक्रम : ३ जना छात्र र ३ जना छात्रा
- BBS कार्यक्रम : ३ जना छात्र र ३ जना छात्रा
- B.Sc. कार्यक्रम : विषयगत विशिष्टीकरण अनुसार प्रति विशिष्टीकरण विषय ३/३ जना विद्यार्थी

## ३. प्रस्ताव पेश गर्ने म्याद

इच्छुक विद्यार्थीहरूले आफ्नो शोध प्रस्ताव **फल्गुन १ गतेदेखि फल्गुन ३० गतेभित्र** क्याम्पस अनुसन्धान समितिको कार्यालयमा पेश गर्नुपर्नेछ। तोकिएको म्यादपछि प्राप्त प्रस्तावहरू मान्य नहुने व्यहोरा जानकारी गराइन्छ।

## ४. प्रस्ताव सम्बन्धी मापदण्ड

शोध प्रस्तावमा देहायका विषयहरू समावेश भएको हुनुपर्नेछः

- शोध शीर्षक
- समस्या कथन (Statement of the Problem)

Phone : 091-526877, 091-526579, 091-523270; Fax : 091-520779
E-mail : amc_dhangadhi@yahoo.com; Website : amcdhangadhi.edu.np

पत्र संख्या
चलानी नं. :

- अध्ययनका उद्देश्यहरू
- अनुसन्धान विधि (Methodology)
- डाटा सङ्कलन तथा विश्लेषण विधि
- अपेक्षित नतिजा
- कार्यतालिका (Time Schedule)
- सन्दर्भ सामग्री (References)

## ५. योग्यता मापदण्ड

- सम्बन्धित कार्यक्रम (MBS/BBS/B.Sc.) मा अध्ययनरत विद्यार्थी हुनुपर्ने
- क्याम्पसमा दर्ता भई नियमित रूपमा अध्ययन गरिरहेको हुनुपर्ने
- एक विद्यार्थीले एक मात्र शोध प्रस्ताव पेश गर्न पाउने
- यसअघि सोही शीर्षकमा शोधवृत्ति प्राप्त नगरेको हुनुपर्ने

## ६. छनोट प्रक्रिया

- प्राप्त प्रस्तावहरू क्याम्पस अनुसन्धान समितिबाट मूल्याङ्कन गरिनेछ
- तोकिएको समयमा प्रस्ताव प्रस्तुतीकरण (Presentation) गर्नुपर्नेछ
- प्रस्ताव प्रस्तुतीकरणपछि क्याम्पस अनुसन्धान समितिले अन्तिम निर्णय गर्नेछ।

## ७. भुक्तानी व्यवस्था

- स्वीकृत शोधवृत्तिको रकम शोधकार्यको **अन्तिम प्रतिवेदन पेश गरेपछि** प्रदान गरिनेछ।
- विद्यार्थीले अन्तिम वर्ष वा सेमेस्टरको परीक्षा दिएको **तीन महिनाभित्र** अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेछ।
- तोकिएको समय नाघी पेश भएका प्रतिवेदनहरू उपर कुनै सुनुवाइ हुने छैन।

थप जानकारीका लागि क्याम्पस अनुसन्धान समितिको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

..................
**संयोजक**
RMC Co-ordinator
क्याम्पस अनुसन्धान समिति
ऐश्वर्य बहुमुखी क्याम्पस

Phone : 091-526877, 091-526579, 091-523270; Fax : 091-520779
E-mail : amc_dhangadhi@yahoo.com; Website : amcdhangadhi.edu.np